छत्रेश्वरी गाउँपालिकको आर्थिक वर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागी स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

सभाबाट स्वीकृत मिति : २०७५।०३।१८

प्रस्तावना

छत्रेश्वरी गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागी सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम छत्रेश्वरी गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐन को नाम "छत्रेश्वरी गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त लागु हुनेछ ।

२. **आर्थिक वर्ष २०७५/७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०७५/७६ को निमित्त गाउँपालिका वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त अनुसुची १ मा उल्लेखित चालु खर्च, पुजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरि जम्मा रकम रु ३२,४९,०२,०००।- (अक्षरुपी बत्तिस करोड उन्पचास लाख दुई हजार.) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन** : (१) यस ऐन द्धारा सञ्चितकोष बाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/७६ निमित्त छत्रेश्वरी गाउँपालिकाको, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनी कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्य कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँपालिकाले वचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिसतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा वढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकीने छैन ।

तर चालु तथा पुजिँगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिसत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृत लिनु पर्नेछ ।

अनुसुची-१

(दफा २ संग सम्बन्धीत)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

रु हजारमा

| क.स | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पुजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | गाउँकार्यपालिका र वडा समिति | | | | |
| २ | | विषयगत शाखा (चालु तथा पुजी) | | | | |